नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६९) काठमाडौं, पुस २८ गते, २०७६ साल (संख्या ४०

भाग ५

निर्वाचन आयोगको

सूचना

निर्वाचन आयोगले संवत् २०७६ साल माघ ९ मा सम्पन्न हुने राष्ट्रिय सभा सदस्यको निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम गर्नका लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी देहायका व्यक्ति, निकाय तथा अधिकारीलाई निर्वाचन आचार संहिता, २०७२ संवत् २०७६ साल पुष २७ देखि लागू गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

(क) नेपाल सरकार र नेपाल सरकारको मन्त्री,

(ख) प्रदेश सरकार र स्थानीय तह,

(ग) प्रदेश सरकार र स्थानीय तहका कर्मचारी,

(घ) सार्वजनिक संस्थाका कार्यालय तथा कर्मचारी,

(ङ) सरकारी तथा अर्धसरकारी संस्थाको कार्यालय तथा कर्मचारी,

(च) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा राष्ट्रिय अनुसन्धान विभाग र प्रदेश प्रहरीका कार्यालय तथा सुरक्षाकर्मी,

(छ) निर्वाचनको काममा संलग्न कर्मचारी,

(ज) राजनीतिक दल तथा राजनीतिक दलको भातृ सङ्गठन,

(झ) उम्मेदवार तथा सम्बन्धित व्यक्ति,

(ञ) सार्वजनिक पद धारणा गरेको व्यक्ति,

(ट) पर्यवेक्षक,

(ठ) सरकारी तथा निजी क्षेत्रका सञ्चार माध्यम,

(ड) निजी तथा गैरसरकारी संस्था,

(ढ) नेपाल सरकारको अनुदानमा सञ्चालित विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी ।

आज्ञाले,
देव कुमारी गुरागाईं
सचिव